लालबन्दी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लालबन्दी, सर्लाही

## बजार ठेक्का सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०७४/०३/१२**

स्थानीय स्वायत्त शासन ऐन,२०५५, स्थानीय स्वायत्त शासन नियमाली,२०५६ (संशोधन सहित) तथा स्थानीय निकाय आर्थिक प्रशासन निमावली,२०६४ (संशोधन सहित) अनुसार लालबन्दी नगरपालिका, सर्लाहीको क्षेत्राधिकार भित्र पर्ने देहाय वमोजिमका आन्तरिक श्रोत तर्फको आय, कर, शुल्क, दस्तुर, लालबन्दी नगरपालिकाबाट स्वीकृत पुरानै दर रेटमा आ.व.२०७४/२०७५ का लागि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरूबाट आफ्नो फर्म नविकरण भएको प्रमाण-पत्र, मूल्य अभिवृद्धि कर तथा आ.व.२०७३/०७४ को कर चुक्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपिहरू सहितको लिखित निवेदनको साथै तोकिएको दस्तुरमा वोलपत्र फाराम यस कार्यालयवाट खरिद गरि रित पूर्वकको गोप्य शिलबन्दी बोलपत्र १५(पन्ध्र) दिन भित्र पेश गर्न सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं | ठेक्काको किसिम | वजार लाग्ने क्षेत्र | न्युनतम अंक | वोलपत्र फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | गोरु वजार | लालबन्दी न.पा., नवलपुर वजार | ३६,११,०००|०० | ३०००|- | |
| २ | टमाटर बजार | लालबन्दी न.पा., नवलपुर वजार | ७,५१,५००|०० | १०००|- | |
| ३ | राँगा /मासु वजार | लालबन्दी न.पा., नवलपुर वजार | ३०,०००|०० | १०००|- | |
| ४ | गुदरी वजार(नवलपुर) | लालबन्दी न.पा., नवलपुर बजार | ७,६१,०००|०० | १०००|- | |
| ५ | सुंगुर बजार | लालबन्दी न.पा., नवलपुर वजार | १,५३,८००|०० | १०००|- | |
| ६ | डुमडुमे चौरमा टमाटर, तरकारी एवं फलफुल बजार | लालबन्दी न.पा. बजार, वडा नं. ७ | ३५,००,०००|०० | ३०००|- | |

**शर्तहरू**

१.ठेक्का अवधि मिति २०७४ श्रावण १ गते देखि २०७५ आषाढ मसान्त सम्म हुनेछ।

२.आफुले कवोल गरेको अंकको नेपाली नागरिक भए ५% र विदेशी नागरिक भए १०% धरौटी राष्टिय बाणिज्य बैंक, लालबन्दी शाखा स्थित खाता नम्बर **१२८०३०३००७१०२** मा जम्मा गरि सो को अर्धकट्टी सक्कलै भौचर सिलबन्दी बोलपत्र साथ पेश गर्नुपर्नेछ।

३.बोलपत्रदाताले आफुले कबोल गरेको रकमलाई अंक र अक्षरमा स्पष्ट साथ लेख्नुपर्ने छ।अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ।

४.सवै किसिमको ठेक्कामा हालको कानूनी व्यवस्थामा नेपाल सरकारबाट अन्य निर्णय भई आएमा सोही वमोजिम हुनेछ। आफुले कबोल गरेको ठेक्कामा लाग्ने नेपाल सरकारको कर, शुल्क बोलपत्र दाता स्वय.लें व्यहोर्नुपर्ने छ।

५.स्वीकृत बोलपत्र दाताले आफुले कवोल गरेको कुल रकम बोलपत्र स्विकृत भएको मितिले ७(सात) दिन भित्र कुनै छुट नहुने गरी एकमुष्ट रकम बुझाउनुपर्नेछ। उक्त एक मुष्ट नगद नबुझाएमा निजको धरौटी जफत गरी प्रचलित कानून वमोजिम कार्वाही गरिनेछ।

६.लालबन्दी नगरपालिकालाई तिर्नुपर्ने बाँकी रकम तथा जिन्सी सामानहरू तिर्नुपर्ने वक्यौता देखिएमा त्यस्ता व्यक्तिहरूको नाममा ठेक्का स्वीकृती हुने छैन। र निजको बक्यौता रकम धरौटीवाट असूल उपर गरि बाँकी रकम भुक्तानी गरिनेछ।

७.बोलपत्र स्वीकृती भएको मितिले बाटोको म्याद वाहेक ७(सात ) दिन भित्र बोलपत्र दाताले सम्झौता गर्न नआएमा वा दाखिला गर्नुपर्ने रकम दाखिला नगरेमा निजले नियमानुसार राखेको धरौटी रकम जफत गरिनेछ।

८.जुन व्यक्ति वा फर्मको नामबाट बोलपत्र खरिद भएको हो सोही व्यक्ति वा फर्मको नामबाट मात्र बोलपत्र दर्ता गर्न सकिनेछ।अन्य व्यक्ति वा फर्मको नामबाट दर्ता गराएको बोलपत्रलाई मान्यता दिईने छैन। साथै हुलाक सेवा, कुरियर आदीबाट पठाएको बोल पत्र स्वीकार्य हुने छैन। शिलबन्दी खाममा कुन कुन ठेक्काको लागि बोल पत्र दाखिला गरेको हो स्पष्ट रूपले खुलाउनु पर्नेछ। साथै बोलपत्र दाताको नाम र ठेगाना स्पष्ट रूपले खामको वाहिर उल्लेख गरेको हुनु पर्नेछ।

९.पर्न आएको बोल पत्रहरू स्वीकृती गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१०.यो सूचना प्रकाशित भएको मितिले १५औं दिन भित्र बोलपत्र फाराम लालबन्दी नगरपालिका वडा नं. १ र २ को संयूक्त वडा कार्यालय, नवलपुर, ईलाका प्रशासन कार्यालय हरिवन तथा लालबन्दी न.पा. कार्यालयबाट खरिद गरी १६ औ दिनको १२:०० वजे भित्र उल्लेखित निकायहरूमा दर्ता गराउनु पर्नेछ र सोही दिनको २:००वजे बोलपत्र खोल्ने कार्य हुनेछ।बोल पत्र फाराम दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा लगतै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ। एक पटक दर्ता भै सकेको बोलपत्र फिर्ता हुने छैन।

११.बोल पत्र ठेक्का सम्वन्धि अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र लालबन्दी नगर कार्यपालिकाको कार्यालयमा सम्पर्क गरी बुझ्न सकिनेछ।